APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

# 'नलेखिएको इतिहास' कथामा वर्गीयता

**मनमाया पोखेल**
उपप्राध्यापक
पद्मकन्या बहुमुखी क्याम्पस
manmayapokharel@gmail.com

Received: Feb 10, 2025 Revised: May 05, 2025 Accepted: May 15, 2025

लेखसार

'नलेखिएको इतिहास' कथामा वर्गीयता' शीर्षकको प्रस्तुत लेखमा मार्क्सवादी सिद्धान्तका आधारमा कथामा प्रयुक्त वर्गीयताको विश्लेषण गरिएको छ । यस क्रममा कथामा उपस्थित पात्रहरूको उत्पादनका साधनसँगको सम्बन्धका आधारमा तिनको आर्थिक स्थिति निर्क्योल गरी त्यसैका आधारमा तिनको वर्गीय अवस्था पहिचान गरिएको छ । कथामा उपस्थित तीन वर्गमध्ये मध्यमवर्ग निम्नवर्गको सहयोगमा सत्ता परिवर्तन गर्न सफल भएको देखाइएको छ । यसको प्रमुख कारण मध्यमवर्गमा जागृत वर्गीय चेतना तथा निम्नवर्गमा क्रमश: जागृत हुँदै गएको वर्गीय चेतना र उक्त वर्गले मध्यमवर्गमाथि गरेको विश्वास हो । यस वर्गले सङ्घर्ष गरी ज्यान बलिदान दिएर देशमा प्रजातन्त्र ल्याएको छ तर राज्यमा तिनै शोषक वर्गको शासन चलेका कारण निम्नवर्ग झन शोषित बन्न पुगेको छ । निम्न वर्गीय जनताका जीवनमा सहजता प्राप्त हुन सकेको छैन । कथामा सत्ता परिवर्तन गर्न सङ्घर्ष गर्ने बलिदानी सहिद परिवार बिचल्ली बनेको अवस्था देखाइएको छ । नेपाली समाजको वर्गीय स्वरूप प्रस्तुत गर्दै सत्ता परिवर्तनमा निम्नवर्गको भूमिका देखाउने उद्देश्यले लेखिएको प्रस्तुत कथामा शोषित वर्ग सधैँभरि शोषक वर्गबाट किचिएको अवस्था देखाइएको छ। यस कथामा अभिव्यक्त वर्गीयता समीक्षा गर्न वर्ग विश्लेषणका मूलभूत मान्यतालाई आधार बनाइएको छ । यस अध्ययनका लागि प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीहरू प्रयोग गरिएका छन् । प्रस्तुत लेख निगमनात्मक विधिमा आधारित छ । साहित्यिक अध्ययन भएकाले यसमा गुणात्मक पद्धतिको प्रयोग गरिएको छ । यस लेखमा कथामा प्रयुक्त वर्गीयताको विश्लेषण गर्न कथामा प्रयोग भएका विभिन्न साक्ष्यहरूलाई आधार मानिएको हुँदा यसको अध्ययन पाठविश्लेषण पद्धतिमा आधारित रहेको छ । यस अध्ययनबाट समाजमा सबैभन्दा शक्तिशाली र सचेत वर्गका रूपमा रहेको शोषित वर्गले सङ्घर्ष गरी सत्ता परिवर्तन गरे तापनि उक्त वर्गको सामाजिक अवस्थामा सुधार आउन नसकी निम्नवर्गको जीवन अझ कष्टकर बन्दै गएको निष्कर्ष यस लेखमा निकालिएको छ ।

*शब्दकुञ्जी : अभिलक्षण, पुँजीपति वर्ग, सत्तालिप्सा, सर्वहारा वर्ग, साम्यवादी ।*

विषयपरिचय

खगेन्द्र सङ्ग्रौला (२००३) नेपाली साहित्यका कथा, कविता, गीत, लेख, निबन्ध र नाटक आदि विविध विधामा कलम चलाउने साहित्यकार हुन् । कथाकारका रूपमा हेर्दा, प्रारम्भमा उनले प्रेममूलक

स्वच्छन्दतावादी ढाँचाका कथाहरू लेखे तापनि मूलत: उनी प्रगतिवादी कथाकार हुन् । उनका *नलेखिएको इतिहास* (२०३४), *सेतेको संसार* (२०४३), *हाँडी घोप्टेको जीतबाजी* (२०४३), *हस्तक्षेप* (२०५३), *मई दिवस* (२०५४) र *खगेन्द्र सङ्ग्रौलाका कथाहरू* (२०५५) नामक कथासङ्ग्रहहरू प्रकाशित छन् । सामाजिक सङ्घर्षका विविध पक्ष र वर्गीय द्वन्द्वमा आधारित भएर कथा लेख्ने कथाकार सङ्ग्रौलाका कथामा विभेदकारी मान्यताप्रति विद्रोह, प्रजातन्त्रको हत्या, हिंसा र भ्रष्टताप्रति खबरदारी, निमुखा जनताप्रति गरिने शोषणको विरोध, निम्न वर्गीय नेपालीहरूको दयनीय अवस्थाको चित्रण र तिनमा क्रमश: जागृत हुँदै गएको प्रतिरोधी चेतनाको प्रस्तुति जस्ता विशेषताहरू पाउन सकिन्छ । आलोचनात्मक यथार्थवादी कथाहरू लेख्ने सङ्ग्रौलाका हालसम्म प्रकाशित कथासङ्ग्रहहरूमध्ये *नलेखिएको इतिहास* कथासङ्ग्रह उनलाई प्रगतिवादी कथाकारका रूपमा चिनाउने उत्कृष्ट कथासङ्ग्रह हो । यस सङ्ग्रहमा सङ्कलित कथाहरूमध्ये *नलेखिएको इतिहास* नामक कथामा समाजमा प्रमुख वर्गका रूपमा रहेका शोषक तथा शोषित वर्गका बिचको सम्बन्धको समीक्षा गर्दै उच्चवर्गले निम्नवर्गमाथि गर्ने शोषणको स्वरूप देखाइएको छ । यसमा शोषित वर्गमा जागृत वर्गीय चेतनाका कारण सङ्घर्ष गरी सत्तामा परिवर्तन आए पनि निम्न वर्गीय जीवनशैलीमा खासै परिवर्तन आउन नसकेको अवस्थाका माध्यमबाट लेखकको निम्न वर्गीय पक्षधरता देखाइएको छ । त्यसैले उक्त कथा वर्गीयताका दृष्टिले पठनीय रहेको छ । वर्गीयता भन्नाले उत्पादनका साधनहरूसँगको व्यक्तिको सम्बन्धका आधारमा समाजमा देखापरेको खास वर्गप्रतिको पहिचान तथा लेखकीय पक्षधरता हो । समान प्रवृत्ति, गुण तथा समान आर्थिक स्थिति र उत्पादन सम्बन्धमा समान स्वामित्व वा विमुखता राख्ने व्यक्तिहरूको समूहलाई वर्ग भनिन्छ । तिनै वर्गहरूका आधारभूत विशिष्टताहरूको समष्टि वर्गीयता हो ।

## शोधविधि

प्रस्तुत अध्ययन साहित्यिक अध्ययन भएकाले पाठविश्लेषणमा आधारित छ । यस अध्ययनमा गुणात्मक पद्धतिको प्रयोग गरिएको छ । यस लेखमा प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीहरू प्रयोग गरिएका छन् । यसक्रममा खगेन्द्र सङ्ग्रौलाद्वारा लिखित 'नलेखिएको इतिहास' कथालाई प्राथमिक स्रोतको सामग्रीका रूपमा लिइएको छ भने कथामा प्रयुक्त वर्गीयताको विश्लेषण गर्न प्रयोग गरिएका विभिन्न समालोचकीय कृति तथा लेखहरू, शोधप्रबन्ध र विद्युतीय सामग्रीहरूलाई द्वितीय स्रोतका सामग्रीका रूपमा लिइएको छ। दुवै स्रोतका सामग्रीहरू पुस्तकालयीय विधिबाट लिइएको छ। कथाको विश्लेषण वर्गविश्लेषण सिद्धान्तका आधारमा गरिएको हुँदा यसमा निगमनात्मक विधिको प्रयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

'वर्गीयता' शब्द 'वर्ग' शब्दबाट बनेको हुँदा यसको मूल आधार वर्ग हो । वर्ग भन्नाले आर्थिक, सामाजिक तथा राजनैतिक र सांस्कृतिक दृष्टिले समान स्तर र अवस्था भएका मानिसहरूको समूह भन्ने बुझिन्छ । पेशा, धर्म, संस्कृति, विचार, जाति, लिङ्ग र उमेर आदिका आधारमा समाजमा वर्गहरूको निर्माण भएको हुन्छ तापनि यस शब्दको उत्पत्तिको प्रमुख आधार आर्थिक सम्बन्ध नै हो । उत्पादनका साधनमाथिको निजी स्वामित्वका कारण समाजमा शोषक र शोषित वर्गको उदय भई तिनको अस्तित्व निर्माण भएको हुन्छ । तिनका उद्देश्य, आवश्यकता र स्वार्थहरू फरक फरक किसिमका हुन्छन् । अत: तिनको जीवनदृष्टि पनि फरक किसिमले निर्माण भएको हुन्छ । त्यसैले उत्पादनका साधनमाथि स्वामित्व हुने र नहुने आधारमा

समाजमा विभिन्न वर्गको अस्तित्व निर्माण हुन्छ र तिनका बिचमा निरन्तर सङ्घर्ष चलिरहन्छ । यसबाट समाजको परिवर्तन हुन्छ ।

समाजमा वर्गको उदय निजी सम्पत्तिसम्बन्धी अवधारणा र उत्पादन प्रणालीको विकाससँगै भएको हो । त्यसपछि नै यसका परिभाषाहरू बन्न थालेका हुन् । मार्क्स र एङ्गेल्सले वर्गको परिभाषामा भन्दा वर्गसङ्घर्षको चर्चाका सन्दर्भबाट वर्गको अवस्थितिको चर्चा गरेका छन् । उनीहरूले यसलाई सामाजिक आर्थिक शोषणका कारण समाजमा देखापरेको विभेदजन्य अवस्था मानेका छन् । वर्गको परिभाषा गर्ने क्रममा लेनिनले यसको विस्तारपूर्वक व्याख्या गर्दै मानिसका ठूला समूहलाई वर्ग भनेका छन् । उनले वर्गहरूलाई ऐतिहासिक दृष्टिले निश्चित सामाजिक उत्पादन प्रणालीमा तिनको स्थान, साधनहरूप्रतिको सम्बन्ध, श्रमको सामाजिक सङ्गठनमा तिनको भूमिका र सामाजिक सम्पत्तिमा तिनको परिमाणजस्ता कारकका आधारमा छुट्याउन सकिन्छ भनेका छन् (लेनिन, सन् १९७७, पृ. १५) । लेनिनको यस परिभाषाले उत्पादनका साधनहरूमाथिको स्वामित्वको स्वरूपका आधारमा समाजमा वर्गको उत्पत्ति हुन्छ भन्ने कुरा स्पष्ट पारेको छ ।

समाजमा वर्ग उत्पत्तिको प्रमुख कारक तत्त्व निजी सम्पत्तिको जन्मका साथै श्रमविभाजनसम्बन्धी अवधारणाको विकास पनि हो । समाजमा निजी सम्पत्तिको जन्म र श्रमविभाजनको विकाससँगै वर्गको जन्म भएको हो (एङ्गेल्स, सन् २०७५, पृ. १७६) । अत: प्राचीन साम्यवादी युगबाहेक हरेक युगमा कुनै न कुनै रूपमा वर्गको अस्तित्व रहेको पाइन्छ तर तिनको स्वरूप भने फरक देखिन्छ । समाजमा अस्तित्वमा रहेका वर्गका विभिन्न स्वरूपहरू पाइन्छन् । मार्क्स र एङ्गेल्सले प्राचीन रोममा पेट्रिसियन, सामन्त, प्लेबियन र दासहरूजस्ता वर्गहरू अस्तित्वमा रहेको कुरा उल्लेख गरेका छन् (एङ्गेल्स, सन् २०७५, पृ. ७४) । बोट्टोमोरका अनुसार निश्चित समुदायभित्रको आर्थिक आय र सामाजिक स्तरअनुसार समाजमा वर्गको अस्तित्व र स्वरूप निर्माण हुन्छ । उनले समाजमा पूँजीपति वर्ग, मध्यमवर्ग र मजदुर वर्ग गरी तीन प्रकारका वर्ग अस्तित्वमा रहेको कुरा उल्लेख गरेका छन् (बोट्टोमोर, सन् १९९१, पृ. ८४-८७) । उपर्युक्त तीन वर्गहरूमध्ये पूँजीपति वर्ग शोषक वर्ग हो भने मजदुर वर्ग शोषित वर्गअन्तर्गत पर्छ । यी दुईका बिचमा मध्यमवर्ग रहेको हुन्छ ।

सबै समाजको वर्गीय स्वरूप एकै प्रकारको हुँदैन । समाजको स्वरूपअनुसार वर्गको स्वरूप पनि फरक फरक हुन्छ । तिनको वर्गीकरणका आधार पनि भिन्न भिन्न हुन्छन् । मूलत: समाजमा अस्तित्वमा रहेका विभिन्न वर्गहरूको वर्गीय चरित्र शोषणमुखी अथवा शोषित प्रकृतिको हुन्छ । अत: समाजका यिनै शोषक र शोषित वर्ग नै आधारभूत वर्ग हुन् । वर्गीय समाजमा रहेका उपर्युक्त आधारभूत वर्गहरूका मुख्य विशिष्टता र उक्त वर्गहरूमध्ये कुनै खास वर्गप्रतिको लेखकीय पक्षधरता नै वर्गीयता हो ।

विभिन्न विद्वान्हरूले आ-आफ्नै प्रकारले वर्गीयताको परिभाषा गरेका छन् ।सर्वहारा वर्गप्रतिको प्रतिवद्धता नै वर्गीयता हो (चैतन्य, २०६४, पृ. ३२) । वर्गलाई वर्गीयताको आधार र व र्गीयतालाई वर्गको अभिलक्षण पनि मान्ने गरिन्छ । वर्गहरूका आधारभूत विशिष्टताहरूको समष्टि नै वर्गीयता हो (ज्ञवाली, २०६७, पृ. ३७) । उत्पादनका साधनहरूको सम्बन्धका आधारमा पनि वर्गीयताको तात्पर्य खोज्न सकिन्छ । शर्माका शब्दमा 'वर्गीयता' उत्पादनका साधनहरूसँगको सम्बन्धका आधारमा समाजमा देखा परेको खास वर्गप्रतिको पक्षधरता हो (शर्मा, २०७६, पृ. १७९) । त्यसैगरी वर्गको मौलिक गुण, स्वभाव र

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

प्रवृत्तिगत विशेषताका आधारमा पनि वर्गीयतालाई परिभाषित गर्न सकिन्छ । डङ्गोलले वर्गको अभिलक्षण नै वर्गीयता भएको बताएका छन् (डङ्गोल, २०७२, पृ. २५) । वर्गीयता शब्दले अर्थगत व्यापकता समेटेको पाइन्छ । यसले वर्गको पहिचान, यसको उत्पत्ति र विकास, यसका प्रकार, विशेषता तथा लेखकीय पक्षधरताजस्ता पक्षलाई समेटेको हुन्छ ।

वर्गका सम्पूर्ण अभिलक्षण तथा सर्वहारा वर्गप्रतिको लेखकीय पक्षधरता नै वर्गीयता हो (पोखेल, २०८०, पृ. १२) । मूलतः वर्गीयता शब्दले शोषक र शोषित वर्गमध्ये जुनसुकै वर्गप्रतिको लेखकीय पक्षधरता देखाउन सक्छ तापनि मार्क्सवादले आफूसँग कुनै उत्पादनका साधन नभएको, सर्वाधिक शोषित र पीडित सर्वहारा वर्गलाई पूँजीवादी समाजमा सबैभन्दा क्रान्तिकारी वर्ग मान्छ । यो वर्ग सचेत हुनाका साथै सामाजिक परिवर्तनमा क्रान्तिकारी भूमिका निर्वाह गर्ने सशक्त वर्ग पनि हो । अतः यही सर्वहारा वर्गप्रतिको पक्षधरता नै वर्गीयता हो । यसभित्र वर्गका सम्पूर्ण अभिलक्षणहरू समेटिएका हुन्छन् ।

समाजको स्वरूप वर्गयुक्त छ । त्यसैले कला वा साहित्यको चरित्र पनि वर्गीय नै हुन्छ । साहित्यकार वर्गीय समाजको उपज भएकाले उसले रचना गरेको साहित्यमा पनि वर्गीय समाजकै प्रतिबिम्बन भएको हुन्छ । उसले आफ्ना रचनामा कुनै न कुनै वर्गप्रति पक्षधरता जनाएको हुन्छ । त्यसैले हरेक साहित्यिक रचनामा सचेत वा अचेत रूपमा वर्गीयता प्रतिबिम्बित भएको हुन्छ । वर्गीय अध्ययनका विभिन्न सिद्धान्त तथा आधारहरू निर्माण भएका छन् । मूलतः वर्गीय सम्बन्ध, वर्गीय हित, वर्गसङ्घर्ष, वर्गचेतना, वर्गशोषण, वर्गविभेद, वर्गदमन र वर्गविहीनता आदि वर्गीय अध्ययनका मुख्य आधार हुन् (भट्टराई, २०७८, पृ.८६–९९) । 'नलेखिएको इतिहास' कथामा वर्गीयता' शीर्षकको प्रस्तुत लेखमा विवेच्य कथाको मूल आख्यानसन्दर्भ प्रस्तुत गर्दै वर्गविश्लेषणका मूलभूत मान्यताका आधारमा कथाको विश्लेषण गरिएको छ ।

## 'नलेखिएको इतिहास' कथाको आख्यानसन्दर्भ

'नलेखिएको इतिहास' कथा पूर्वदीप्ति शैलीमा लेखिएको छ । यसमा हरिहर, लाहुरे साहिँलो र उसकी श्रीमती साहिँली मुख्य पात्रका रूपमा रहेका छन् । नेपाली जनतामा परिवर्तनगामी चेतना जागृत भई तीन सरकार ढाल्न तयार भएका अवस्थामा हरिहरजस्तो अवसरवादीले लाहुरे साहिँलोजस्ता निम्न वर्गीय नेपालीलाई दवाव र तनावमा पारी युद्धभूमिमा पुर्‍याउँछ । तिनले साहदत प्राप्त गरी ल्याएको प्रजातन्त्रको दौडाहा (हाकिम) बनी सत्तामा पुगेर जनता चुसी अकुत सम्पत्ति आर्जन गर्छ र आलिसन महल बनाई राज गर्छ । लाहुरे साहिँलाकी श्रीमतीजस्ता सहिद परिवारको योगदानको कुनै कदर गर्दैन । ऊ र्‍याली र आमसभा गरी मान्छे भेला गरेर आफू सम्मान प्राप्त गर्छ । उसको महल देखेर लाहुरेनी साहिँलीका नौ नारी गलेर आउँछन् । उसलाई भाउन्न हुन्छ । लाहुरेले लडाइँमा जाने बेलामा 'क्यै तलबितल परिहाल्यो भने हरिहर बाजेको सरन पर्नू' उनले सहयोग गर्छन्' भनेको कुरा सम्झेर ऊ सहयोगका लागि त्यहाँ पुग्दा हरिहर शानसँग पाहुनाले घेरिएर बसेको हुन्छ । लाहुरेनीलाई वास्ता गर्दैन । उसकी श्रीमतीले समेत अपमानजनक व्यवहार गर्छे तर आफ्नो स्वार्थ पूरा गर्न लाहुरेनीको छोरो प्यान्टेलाई घरमा गोठालो पठाई माग्ने कुरा गर्छे । लाहुरेनी साहिँलीले अचेतन अवस्थामै त्यसमा सहमति जनाउँछे । कामको पेलाइ र स्वस्थकर खानाको अभावले प्यान्टे हाड र छालामात्र बाँकी रहेको अवस्थामा रुग्ण शरीर बोकेर घर फर्केपछि लाहुरेनी साहिँली पनि मानसिक तनाव तथा चिसाका कारण थला पर्छे । हाड र छालामात्र बाँकी रहेको प्यान्टेको अवस्था देखेर सर्किनी कान्छीसमेत चकित हुन्छे । यसरी दुःखैदुःखमा उनिएको र रित्तिदै गएको सहिदपत्नी मगर्नी

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

साहिँलीको जिन्दगीको कथामा आधारित भएर लेखिएको 'नलेखिएको इतिहास' कथामा वर्गीय सम्बन्ध, वर्गशोषण, वर्गविभेद वर्गचेतना र वर्गसङ्घर्षजस्ता वर्गीय अभिलक्षणहरू अभिव्यक्त भएका छन् । यस लेखमा वर्ग विश्लेषणका यिनै सिद्धान्तहरूलाई आधार मानी कथामा प्रयुक्त वर्गीयताको विश्लेषण गरिएको छ ।

## वर्गीय सिद्धान्तका आधारमा 'नलेखिएको इतिहास' कथाको विश्लेषण

'नलेखिएको इतिहास' कथा २००७ सालको क्रान्तिको पृष्ठभूमिमा लेखिएको हो र यसले क्रान्तिपश्चात् नेपाली समाजमा देखिएको वर्गीय असमानता, शोषक र सत्तामुखी नेताहरूका स्वार्थी प्रवृत्तिजस्ता आर्थिक-सामाजिक शोषण र सत्तालिप्सालाई मूल विषय बनाएको छ । यस लेखमा वर्गीय अध्ययनका प्रमुख मान्यतालाई आधार मानी कथामा प्रयुक्त वर्गीयताको विश्लेषणा गरिएको छ ।

### वर्गीय सम्बन्ध

समाजमा विभिन्न वर्गका मानिसहरूको बसोबास हुन्छ । तिनका बिचमा निश्चित प्रकारको सम्बन्ध कायम भएको हुन्छ । समाजमा रहेका विभिन्न आर्थिक वर्गका मानिसहरू बिचको सम्बन्ध नै वर्गीय सम्बन्ध हो । वर्गहरूका बिच के कस्तो सम्बन्ध हुन्छ भन्ने कुराको निर्क्योल उत्पादन प्रणालीले गर्छ । सामाजिक आर्थिक सम्बन्धभित्र वर्गहरू बिचको सम्बन्ध एकतापूर्ण तथा वैरभावपूर्ण दुवै किसिमको हुन्छ (भट्टराई, २०७८, पृ. ८७) । विशेषत: यस्तो सम्बन्ध वैरभावयुक्त नै रहेको हुन्छ । प्राचीन साम्यवादी युगबाहेक हरेक युगको समाज वर्गयुक्त छ । दास युगमा दास र मालिक, सामन्तवादी युगमा किसान र सामन्त तथा पुँजीवादी युगका सर्वहारा अनि पुँजीपतिबिचको सम्बन्ध वैरभावपूर्ण सम्बन्ध हो । समाजवादी युगका मजदुर र किसान बिचको सम्बन्धचाहिँ वैरभावरहित सम्बन्ध हो । वर्तमान नेपाली समाज पुँजीवादतर्फ लम्किदै गरेको छ । यसमा सर्वहारा वर्ग र पुँजीपति वर्गबिच वैरभावपूर्ण सम्बन्ध रहेको स्पष्ट देखिन्छ ।

वर्गीय सम्बन्धका आधारमा 'नलेखिएको इतिहास' कथाको विश्लेषण गर्दा यस कथामा निरङ्कुश राणा शासनको अन्त्यतिर नेपाली जनतामा क्रान्तिचेतना जागृत हुँदै गरेको अवस्थाको समाजको चित्रण गरिएको छ । त्यस बेलाको सत्तासीन वर्गका रूपमा राणा शासकहरू रहेका छन् । यस वर्गले देशको सबै क्षेत्रमा प्रभुत्व जमाएको तथा देशको सिङ्गो आयको ठूलो भाग ओगटेको, जनतामाथि लुट गरी कर छलेको देखिन्छ । उक्त प्रवृत्तिका आधारमा यो वर्गले दलाल पुँजीपति वर्गको प्रतिनिधित्व गरेको छ । त्यस्तै आफ्नै भूमि भएको हरिहर मध्यम वर्गीय चरित्र हो भने लाहुरबाट फर्केर लगभग सम्पत्ति रित्याई सकेर श्रमको भरमा बाँचेको लाहुरे निम्न वर्गीय चरित्र हो । यी वर्गहरूका बिचमा वैमनस्यतापूर्ण सम्बन्ध रहेको देखिन्छ । मूलत: प्रभुत्वशाली तथा दलाल पुँजीपति वर्गमा रहेका राणा शासकहरूले जनतामा निरङ्कुशता लादेका कारण सचेत मध्यम वर्गीय नेपालीहरू तिनको सत्ता ढाल्न निम्नवर्गलाई उक्साइरहेका छन् । यस अवस्थामा निम्नवर्ग अचेत रूपमै मध्यमवर्गको धम्की र त्रासबाट अभिप्रेरित भएर उसको साथ दिइरहेको छ । यसरी हेर्दा उपर्युक्त तीन वर्गबिच वैरभावपूर्ण सम्बन्ध रहेको देखिन्छ । यस कुरालाई कथाको यस उद्धहरणले स्पष्ट पारेको छ – "हरिहरले धम्कीपूर्ण स्वरमा भन्यो, आफ्नै मान्छे सम्झेर एक वचन बिन्ती गऱ्या । हुलचाल भनेको हुलचालै हो, बुझ्यौ ? तीन सर्कारको छाती फोर्ने गोली यतै फर्कला, होस गर्नू" (बराल र घिमिरे, २०५५, पृ. १७८) ! हरिहरको यस भनाइबाट मध्यमवर्ग निम्नवर्गको सहयोग लिएर सत्ता टिकाउन

चाहने दलाल पुँजीपति वर्गलाई समाप्त पार्न चाहन्छ भन्ने देखिन्छ । मध्यमवर्गले निम्नवर्गलाई आफूसँग मिलाउन सहमतीय आधारमात्र खोजेको छैन उसलाई दवाव र तनावमा समेत पारेको छ । कथाअनुसार हरिहरले लाहुरेलाई जबरजस्त तरिकाले सङ्घर्ष मैदानमा पठाएको छ । ऊ लडाइँको मैदानमा नउत्रिए तीन सरकारलाई ढाल्न तयार गरेको गोली उसका छातीमा पड्किने धम्की दिएको छ । यसरी हेर्दा समाजका उच्चवर्गले आफूभन्दा तल्लो वर्गलाई आफ्नो अनुकूल उपयोग गर्ने, उनीहरूको जिन्दगीका सपना धुलामा मिलाइदिने जस्ता अमैत्रीपूर्ण गतिविधिका कारण समाजमा रहेका यी तीन वर्गहरूबिच वैमनस्यपूर्ण सम्बन्ध रहेको कुरा कथाको उपर्युक्त साक्ष्यले स्पष्ट पारेको छ । यसले आधारभूत वर्गका अभिलक्षणका माध्यमबाट प्रस्तुत कथामा अभिव्यक्त वर्गीयता प्रकट गरेको छ ।

वर्गशोषण

एक वर्गको श्रम अर्को वर्गले शोषण गर्नु वर्गशोषण हो । 'नलेखिएको इतिहास' कथामा उपस्थित दलाल पुँजीपति वर्गले राष्ट्रिय शोषण गरेको छ । सरकारी राजस्व र कर छल्ने, नेपाली बजारमा विदेशी सामान भित्र्याउने, विदेश यात्रा गर्ने, राष्ट्रिय पुँजी निर्माण गरी देशमा रोजगारी सिर्जना गर्ने वातावरण नबनाउने, राष्ट्रिय ढुकुटी रित्याउने, जनचेतना र विकासमा अङ्कुश लगाउने र आफ्नो सत्ता टिकाउन अनेक षडयन्त्र गर्ने जस्ता गतिविधिका माध्यमबाट यस वर्गले सिङ्गो राष्ट्रिय शोषण गर्ने कार्य गरेको छ । प्रजातन्त्र प्राप्तिपछि जनताले शोषणको जाँतोमा पिल्सिनु पर्दैन भन्ने ठानिएकामा जनप्रतिनिधिहरूबाटै जनता ठगिने, शोषित हुने परिस्थितिको निर्माण भएको छ । यसले निम्नवर्गमाथिको शोषणलाई देखाएको छ ।

त्यसै गरी यस कथामा मध्यमवर्गले पनि निम्नवर्गलाई आर्थिक सम्बन्धका आधारमा शोषण गर्ने गरेको देखिन्छ । यस क्रममा हरिहरले लाहुरे साहिँलोजस्ता निम्न वर्गीय पात्रहरूलाई आफ्नो अनुकूल प्रयोग गर्छ । ऊ सत्ता परिवर्तन हुने सङ्केत पाएपछि गाउँका सिधा जनतालाई जवर्जस्ती आफ्नो हित अनुकूल काम गर्न बाध्य पार्छ । उसले लाहुरे साहिँलालाई मात्र होइन उसको छोरालाई समेत नोकर बनाएर राखेको छ । सास फेर्न नपाउने गरी काममा पेलेर पोषणयुक्त खाना नदिई कुपोषणका अवस्थामा पुऱ्याएको छ । यसले विवेच्य कथामा मध्यम वर्गीय चरित्र हरिहरमा शोषणमुखी प्रवृत्ति प्रबल देखिन्छ । त्यो प्रवृत्ति उसकी श्रीमतीमा पनि देखिन्छ जसको उदाहरणका रूपमा तलको कथांशलाई लिन सकिन्छ :

> साइँली यता सुन त ! ... मनको धोको फुकाउने साइनो पनि हुने, यता बाजेको चाकरी पनि हुने । निकै प्रभावकारी ढङ्गले बज्यैले फकाई, तेरो प्यान्टेलाई गोठालो पठाई दे न बरु । हेर बजिनी बाजेलाई रिझाउन सक्यो भने कुरा के छ र ? जागिर, मान, बक्सिस्.... (पृ. १८४) ।

हरिहरकी श्रीमतीको यस भनाइले निम्नवर्गमाथिको शोषणको जिउँदो नमूना प्रस्तुत गरेको छ । मगर्नी साहिँलीमा तिनको शोषणप्रति विद्रोही चेतना नजागेको पनि होइन । त्यसैले ऊ 'भर्सेला परोस, विश्वासघाती दुष्ट' भन्दै प्रतिरोध जनाउँछे । तर उसको विद्रोहले सशक्त रूप लिन नसकेका कारण समाजमा विद्यमान शोषणमुखी संस्कृतिको रूपान्तरण भएको देखिँदैन । यसरी हेर्दा 'नलेखिएको इतिहास' कथामा उपस्थित तीन वर्गहरूमध्ये हरेक माथिल्ला वर्गले तल्लावर्गमाथि शोषण गरेको अवस्था छ ।

**वर्गविभेद**

वर्गविभेद भन्नाले एउटा वर्ग र अर्को वर्गका बिच हुने पृथकता हो । यो एक वर्गले अर्को वर्गप्रति गर्ने उत्पीडनको तरिका पनि हो । वर्गीय विभेदको प्रमुख कारण आर्थिक अवसर र पहुँच हो भने सामाजिक सांस्कृतिक पहिचान र प्रतिनिधित्व पनि हो (भट्टराई, २०७८, पृ. ९६) । वर्गीय समाजमा उच्चवर्गले सत्ता र शक्तिमा आफ्नो बलियो स्थान प्राप्त गरेको हुन्छ तर तल्लो वर्गमा सत्तागत शक्ति र सामर्थ्यको अभावका कारण त्यो वर्ग राज्यका अवसरबाट वञ्चित हुन्छ । प्राकृतिक रूपमा मान्छे समान भए पनि समाजमा उसले निर्वाह गर्ने भूमिका र क्रियाकलाप फरक हुने भएकाले समाजमा एक मान्छेको समूहले अर्कोमाथि वर्चस्व स्थापित गर्छ । यही नै वर्गविभेद सिर्जना गर्ने प्रमुख कारक हो । यस आधारबाट हेर्दा 'नलेखिएको इतिहास' कथाका दुई भिन्न वर्गीय पात्र हरिहर र लाहुरे साहिँलाको सामाजिक भूमिकाले यी दुई व्यक्तिको वर्गीय हैसियत फरक बनाएको छ । तीन सरकार ढाल्नु समाज र समयको माग हो । त्यस कार्यमा हरिहरले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ भने लाहुरे साहिँलाले सामान्य योद्धाको भूमिका खेलेको छ । सत्ता परिवर्तनको यस खेलमा लाहुरे साहिँलाले साहदत प्राप्त गरेको छ तर हरिहरले मौकाको फाइदा उठाई सत्तामा आफ्नो पहुँच बनाएको छ । परिणामस्वरूप उसको वर्गीय हैसियत निकै माथि उठेको छ तर लाहुरेको परिवार उसको मृत्युपछि अझ आर्थिक रूपले विपन्न अवस्थामा धकेलिएको कुरा कथाको यस अंशले स्पष्ट पार्छ-

> यस्तो घीनलाग्दो रूप देखाउन किन आ' कि त ? बज्यैले एउटा हलुङ्गेको थालमा अलिकति भात ल्याएर साइँलीका अगाडि राखी दिई । भात बासी थियो र गिजोलेको जस्तो । निक्कै दुःख र भुक्तमान बेहोर्दै आएकी साइँलीलाई जुठो भात खान भने अझै निक्कै घीन लाग्यो उसले विचित्र दृष्टिले त्यो भातलाई हेरी तर छोइन । (पृ. १८४)

यस उद्धरणमा एउटै गाउँमा बस्ने हरिहरकी पत्नी र लाहुरेनी साहिँलीको वर्गीय हैसियतमा निकै ठूलो अन्तरभिन्नता देखिएको छ । यसको प्रमुख कारण हरिहर र लाहुरे साहिँलाको सामाजिक भूमिकाले निर्धारण गरेको परिणति हो । यही सामाजिक भूमिकाले मध्यम वर्गीय प्रतिनिधित्व गर्ने हरिहरले उच्च वर्गतिर फड्को मारेको छ भने निम्न वर्गीय भूमिकामा रहेको लाहुरेको परिवार तल्लोवर्ग वा अधीनस्थ वर्गमा परी पूरै उत्पीडन भोग्न बाध्य भएको कुरा कथामा व्यक्त गरिएको छ । लाहुरेनी साहिँलीको सामाजिक भूमिका अधीनस्थ वर्गीय भूमिका भएका कारण हरिहरकी पत्नीले उसको आगमन र पोशाकलाई घृणा गर्दै हलुङ्गोका थालमा बासी र गिजोलेको भात खान दिएकी छ । उसको सामाजिक भूमिका हरिहरकै सरह भएको भए ऊमाथि यस्तो निम्नस्तरको व्यवहार गरिने थिएन । यसरी हेर्दा वर्गविभेदको मूल कारण उत्पादन सम्बन्ध र उत्पादन सम्बन्धको बेमेल तथा व्यक्तिको सामाजिक भूमिका हो । यसको उदय उत्पादन र उत्पादन सम्बन्धमा श्रम विभाजनले गर्छ । विवेच्य कथामा आर्थिक सम्बन्धका आधारमा हरिहरकी पत्नीले लाहुरेनी साहिँलीलाई वर्गविभेद गरी उसमाथि दुर्व्यवहार गर्न पुग्छे । त्यसै गरी उसले गोठालाका रूपमा राखेको लाहुरेको छोरो प्यान्टेलाई आर्थिक रूपले विपन्न भएका कारण आफ्ना परिवार र पाहुनापासालाई खान दिएर उब्रेको बासी र सडेगलेको अस्वस्थ खानेकुरा दिन्छे । त्यसैले उसका खुट्टा सिन्काजस्ता बनेका, जीउ सिद्राजस्तो भएको र घाँटी छिन्न छिन्न आँटेको देखिन्छ । आउने-जाने पाहुनाका लागि अनेकौं भोज भतेर तयार हुने त्यस घरको खानाले प्यान्टेको त्यो हालत बनेको अवस्थाले वर्गविभेदको

जिउँदो नमूना प्रस्तुत गरेको छ । यसरी यस कथामा उच्च तथा मध्यमवर्गले निम्नवर्गप्रति आर्थिक सम्बन्धका आधारमा विभेद गरेको कुरा कथाका विभिन्न साक्ष्यले स्पष्ट पारेका छन् ।

### वर्गचेतना

वर्गचेतना भनेको सर्वहारा वर्गको शोषणमुक्त हुन खोज्ने आत्मचेतना वा प्रतिरोधी चेतना हो । यो मार्क्सवादी वर्ग मान्यताको आधारभूत पक्ष पनि हो (भट्टराई, २०७८, पृ. ९३) । वर्गचेतनाको निर्माण व्यक्तिको सामाजिक अस्तित्वले निर्धारण गर्छ । बरालका अनुसार मान्छेको चेतनाले उसको अस्तित्वको निर्धारण गर्दैन बरु उसको सामाजिक भूमिकाले नै उसको सामाजिक अस्तित्व निर्धारण गर्छ (बराल, २०५२, पृ. २४) । यसरी हेर्दा व्यक्ति वा वर्गको चेतना निर्माणमा समाजको महत्त्वपूर्ण भूमिका रहन्छ ।

विवेच्य कथामा प्रयुक्त निम्न वर्गीय पात्र लाहुरे साहिँलामा वर्गीय चेतनाको अभाव देखिन्छ । उसले समाज परिवर्तनमा आफूजस्ता निम्नवर्गका मानिसको भूमिका कति महत्त्वपूर्ण हुन्छ भन्ने चेतनाको अभावका कारण हरिहरको चालबाजी बुझ्दैन । 'बाजेहरूका बात लात मार्ने हाम्रो के तागत' (पृ. १७९) भन्दै ऊ तीन सरकार ढाल्न थालिएको लडाइँमा सामेल भई मृत्युवरण गर्न पुग्छ । लडाइँमा जाने बेलामा उसलाई तलमाथि केही भए लाहुरेकी श्रीमती मगर्नी साहिँलीको हेरविचार गर्ने जिम्मेवारी आफूले लिने वचनबद्धता जाहेर गर्ने हरिहर लाहुरेजस्ता निम्नवर्गीय जनताले ज्यान बलिदान दिएर ल्याएको प्रजातान्त्रिक सरकारको दौडाहा बनेर मोजमस्तीसँग बस्छ तर साहिँलीजस्ता दुःख पाएका सहिद पत्नी र तिनका परिवारप्रति अनुदार मात्र बन्दैन उल्टै तिनको श्रम शोषण गरी तिनलाई नोकरसमेत बनाउँछ । हरिहरले दौडाहा भएपछि आलिसन महल निर्माण गरेको छ । नचाहँदा नचाहँदै पनि लाहुरेनी साहिँलीका आँखा सधैँजसो त्यस महलमा पर्ने गर्छन् । त्यसले उसलाई अत्यन्त पीडा र छटपटी हुन्छ । यसलाई कथामा यसरी देखाइएको छ - "गाँठे कस्तो भयानक दृश्य हो त्यो । मान्छेको कमलो छाती किचेर ठडिएको त्यो महल ! मान्छेका हाडखोडको गारो, मासुको लिउन, गिदीको छानो, मान्छेका रहर लाग्दा आकांक्षा घोलेर भरेका रङ्गीचङ्गी बुट्टा" (पृ. १७४-१७५) । साहिँलीको उक्त अभिव्यक्तिमा हरिहरको शोषणको चरम रूपको सङ्केत पाइन्छ । प्रजातन्त्रोदय पूर्व सामान्य घरमा बसोबास गर्ने हरिहरको आलिसान महल उसको महेनतको कमाई नभएर मगर्नी सासहँलीको श्रीमान् लाहुरे र ऊ जस्तै निम्न वर्गीय जनताका हाडखोड घोटेर, तिनलाई शोषण गरी तिनका इच्छा आकाङ्क्षा निमिट्यान्न पारी बनाएको हो भन्ने ठहर साहिँलीले गरेकी छ । त्यो महल देखेर साहिँलीका आँखामा घृणा भरिन्छ, मुटु जल्छ, छाती फुट्ला जस्तो हुन्छ, मनमा डरलाग्दो आँधीबेरी चल्छ । ऊभित्र खप्नै नसक्ने विद्रोही भाव जन्मन्छ । यसले लाहुरेनी साहिँलीजस्ता निम्न वर्गीय शोषित वर्गमा उच्च वर्गीय सामन्तहरूबाट आफू शोषित भएका छौं भन्ने चेतना जागेको छ । 'विश्वासघाती दुष्ट' तथा 'थुइक्क विश्वासघाती बजिया'जस्ता अभिव्यक्ति उसका मुखबाट फुस्कन्छन् । साहिँलीको यस अभिव्यक्तिले निम्न वर्गीय प्रतिरोधी चेतनालाई सङ्केत गरेको छ तर त्यसले मूर्त रूप भने प्राप्त गर्न सकेको छैन । यो आन्तरिक रूपमै सीमित रहेको छ ।

### वर्गसङ्घर्ष

वर्गसङ्घर्ष वर्गीय अध्ययनको महत्त्वपूर्ण सिद्धान्त हो । यसलाई वर्गीय हितका आधारमा एक अर्काबिच मेल नभएका आपसमा शत्रुतापूर्ण सम्बन्ध रहेका दुई वर्गबिचको सङ्घर्षका रूपमा लिन सकिन्छ । उत्पादन शक्ति र उत्पादन सम्बन्धका विरोधी प्रवृत्तिहरूका बिचको सङ्घर्ष नै वर्गसङ्घर्ष हो ।

शोषित वर्गको सङ्घर्षले समाजलाई अघि बढाउँछ र नयाँ एवं प्रगतिशील समाजको स्थापना गर्नमा सहयोग पुऱ्याउँछ (भट्टराई, २०७८, पृ. ९०) । तर शोषित वर्गले परिवर्तनको प्रतिफल प्राप्त गर्न पाउँदैन । मानवजातिको सम्पूर्ण इतिहास वर्गसङ्घर्षको इतिहास हो (एङ्गेल्स, सन् २००४, पृ. ३) । वर्गसङ्घर्ष समाज विकास र परिवर्तनको प्रमुख आधार हो । शोषित वर्गको क्रान्तिकारी सङ्घर्षले समाजलाई अघि बढाउँछ । पुरानो र कालातीत समाजलाई बढाछ्र र नयाँ र प्रगतिशील समाजको स्थापना गर्नमा सहयोग पुऱ्याउँछ (भट्टराई, २०७८, पृ. ९१) । वर्गसङ्घर्षको यो सिद्धान्त विवेच्य कथामा पनि अभिव्यक्त भएको छ- "लाहुरेले भन्यो, लडाईले के मिल्ला बाजे ? ... हरिहरले बेली विस्तार लगायो- गरिबको खून चुसाहा तीन सर्कारलाई ढाल्ने, गरिबको राज थाल्ने जिमिन नहुनेलाई जिमिन, अक्किल नहुनेलाई ज्ञानविद्ये, आँखा नहुनेलाई ज्योति..." (पृ. १७७) । यस उद्धरणमा दलाल पुँजीपति वर्गका रूपमा रहेको राणा शासनको अन्त्य गरेर प्रजातन्त्र ल्याई देशको शासन व्यवस्थामा आमूल परिवर्तन गरी जनचाहनाअनुरूपको शासन व्यवस्था ल्याउने हरिहरको विचार प्रस्तुत गरिएको छ । यसले वर्गसङ्घर्षले समाजमा ल्याउने परिवर्तनलाई सङ्केत गरेको छ ।

दलाल पुँजीपति वर्ग सत्ता टिकाउँन चाहन्छ । हरिहरजस्ता मध्यमवर्गी लाहुरे साहिँलोजस्ता निम्नवर्गका श्रमजीवीहरूको साथ र सहयोगले सत्ता परिवर्तन गर्न चाहन्छन् । यी दुवै वर्गको संयुक्त सङ्घर्षले सत्ता परिवर्तन पनि हुन्छ । नयाँ समाजको निर्माण हुन्छ । पुँजीपति वर्गले घुँडा टेक्छ । तर मध्यमवर्गसँगको संयुक्त सङ्घर्षबाट प्राप्त परिवर्तनको फल निम्नवर्गले भोग्न पाउँदैन । हरिहरले लाहुरे साहिँलोजस्ता निम्नवर्गका जनतालाई आफ्नोअनुकूल प्रयोग गरी आफू एक्लैले परिवर्तनको फल उपभोग गरेको कुरा कथामा उल्लेख गरिएको छ । उसलाई प्रभावमा पारिएको छ । लाहुरेले लडाइँ गरेर आफूलाई के मिल्छ भन्ने प्रश्नको उत्तरमा हरिहर गरिब र भूमिहीन जनतालाई जग्गा वितरण गर्ने अर्थात् देशमा जनचाहना अनुरूपको शासन व्यवस्थाको थालनी गर्ने मध्यम वर्गीय मनसाय देखाउँछ तापनि देशका दलाल पुँजीपतिहरूको अन्त्य गरी आफू सत्तामा पुगेपछि निम्नवर्गीय श्रमजीवीमाथि आफू शासन गर्ने स्वार्थ लुकेको कुरा हरिहरले सिधा र सरल जनतालाई प्रजातान्त्रिक आन्दोलनमा होमेर तिनका रगतपसिनाले प्राप्त प्रजातान्त्रिक शासन व्यवस्थाको दौडाहा भएर गरिबमाथि शासन गरेको प्रसङ्गले स्पष्ट पार्छ । यिनै तीन वर्गबिचको सघङ्घर्षलाई यस कथाले व्यक्त गरेको छ ।

प्रस्तुत कथामा मूलतः उच्चवर्ग र मध्यमवर्गबिच वर्गसङ्र्घ भएको अवस्था देखाइएको छ । यस सङ्घर्षले समाजमा परिवर्तन पनि आएको छ । यस सङ्घर्षमा मध्यमवर्गलाई साथ र सहयोग पुऱ्याउने काम निम्नवर्गबाट भएको छ । यसरी सामाजिक परिवर्तन ल्याउनका लागि शोषकवर्गसँग सङ्घर्ष गरी मध्यमवर्गलाई सहयोग पुऱ्याउने यो वर्ग भने वर्गशोषणबाट मुक्त हुन सकेको छैन र परिवर्तनको प्रतिफलको अति न्यून अंश पनि उपभोग गर्न पाएको छैन । यसो भए तापनि वर्गसङ्घर्ष समाज परिवर्तनको प्रमुख आधार भएको कुरा कथाको उपर्युक्त साक्ष्यले पुष्टि गरेको छ ।

## निष्कर्ष

'नलेखिएको इतिहास' कथामा नेपाली समाजको वर्गीय स्वरूपलाई प्रस्तुत गरिएको छ । मूलतः यस कथामा दलाल पुँजीपति वर्ग, मध्यमवर्ग र निम्नवर्ग गरी तीनओटा वर्गको उपस्थिति रहेको छ । दलाल पुँजीपति वर्ग आफ्नो सत्ता टिकाएर जनता चुसेर मोटाउन क्रियाशील छ भने हरिहर जस्ता मध्यमवर्गीहरू

निम्न वर्गीय पात्रहरूलाई ढाल बनाएर जनसरकार ल्याउन वा देशमा प्रजातन्त्र ल्याउन सफल भएका छन् । देशमा प्रजातन्त्र आएपछि गरिबका दिन फर्कन्छन् भन्ने आशामा सङ्ग्राममा होमिएर ज्यान गुमाएका निम्न वर्गीय सहिद परिवारका दिन प्रजातन्त्रको प्राप्तिले पनि फर्काउन सक्दैन । उल्टै उनीहरू झन शोषित हुँदै जान्छन् । यसको मुख्य कारण सत्तासीन वर्ग निम्नवर्गमाथि शासन गरी आफू माथि उठ्ने हतियार बनाउँछ तर त्यो वर्गको मुक्तिको चाहना राख्दैन । यसले समाजमा वर्गीय खाडल झनझन गहिरो हुँदै जान्छ । अत: 'नलेखिएको इतिहास' कथामा शोषकवर्ग र शोषितवर्गका बिचको वर्गीय सम्बन्ध वैमनस्यपूर्ण रहेको र वर्गवर्ग बिचमा शोषणको वातावरण रहेको देखिन्छ । त्यस्तै समाजमा मध्यम वर्गीय चेतना सशक्त रूपमा जागृत भएका कारण वर्गसङ्घर्ष भई सत्तापरिवर्तन भएको छ तापनि निम्न वर्गीय चेतना भने बिस्तारै जागृत हुँदै गएको र त्यसले प्रतिरोधी चेतनाको सशक्त रूप लिन नसकेका कारण अझ पनि उक्त वर्ग शोषणको जाँतामा पिसिएको कुरा 'नलेखिएको इतिहास' कथाले प्रस्तुत गरेको छ । यसरी हेर्दा विवेच्य कथामा वर्गीय सम्बन्ध, वर्गशोषण, वर्गविभेद, वर्गचेतना र वर्गसङ्घर्षजस्ता वर्गीय अभिलक्षणहरू प्रयोग भएका कारण यो कथा वर्गीयताका दृष्टिले उत्कृष्ट रहेको निष्कर्ष यस लेखमा निकालिएको छ ।

## सन्दर्भ सामग्रीसूची

एङ्गेल्स, फेडरिक (२०७५), *परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति,* (अनु. राजेन्द्र मास्के), काठमाडौँ : प्रगति पुस्तक सदन ।

चैतन्य, (२०६४) *मार्क्सवादी कलादृष्टि र समीक्षा,* (दोस्रो संस्क.) काठमाडौँ : ऐरावती प्रकाशन प्रा. लि. ।

ज्ञवाली, रामप्रसाद (२०६७), *नेपाली महाकाव्यमा वर्गीयता र वर्गद्वन्द्व,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), मानविकी तथा सामाजिक शास्त्र संकाय, त्रि. वि. ।

ज्ञवाली, रामप्रसाद (२०७१) 'साहित्यमा वर्गीयता र वर्गद्वन्द्वको अभिव्यक्ति-प्रक्रिया', *जुगल सैद्धान्तिक नेपाली समालोचना,* (पृ. ३५८- ३७६), सम्पा. राजेन्द्र सुवेदी काठमाडौँ : जुगल पब्लिकेसन प्रा. लि.।

डङ्गोल, राजुमान (२०७२), *विमल निभाका कवितामा वर्गीय चेतना,* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध), नेपाली केन्द्रीय विभाग, त्रि. वि. ।

पोखेल, मनमाया (२०८०), *ध.च. गोतामेका उपन्यासमा वर्गीयता,* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध), नेपाली केन्द्रीय विभाग, त्रि. वि. ।

बराल, ऋषिराज (२०५२), *मार्क्सवाद र उत्तरआधुनिकतावाद,* विराटनगर : सविता बराल ।

भट्टराई, रमेशप्रसाद (२०७८), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

मार्क्स, कार्ल र एङ्गेल्स फेडरिक (२०७५), *कम्युनिस्ट पार्टीको घोषणा पत्र* (अनु. गोपीरमण उपाध्याय), काठमाडौँ : जनता प्रसारण तथा प्रकाशन लिमिटेड ।

शर्मा, विन्दु (२०७६), 'समकालीन नेपाली कथामा वर्गीयता,' *प्रज्ञा समकालीन कथाविमर्श,* (पृ. १७६-२०७), सम्पा. ज्ञानु अधिकारी, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सङ्ग्रौला, खगेन्द्र (२०५५), 'नलेखिएको इतिहास', *नेपाली कथा भाग-३,* (पृ.१७४-१८६), सम्पा. ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, ललितपुर : साझा प्रकाशन ।

Bottomore, Tom (ed.) (1991). *A dictionary of Marxist Thought* (Second Edition). Blackwell Publishers: Oxford, p. 84-87.

Lenin, V. I. (1977). *A Great Beginning* (1st ed.). Foreign Language Press, Peking.

Marx, K., & Engels, F. (2004). *The Communist Manifesto*. Penguin UK.